CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजयादशमी दूषित स्थिति उपर विजय पाउनका लागि होस

968

जगत जननी दुर्गा माताद्वारा

संपूर्ण जगतको रक्षा होस

नेपाल जननी हाम्री रानीद्वारा

संपूर्ण नेपालीको रक्षा होस

२९ सौं शुभ जन्मोत्सवको सुअवसरमा

शुभ कामना व्यक्त गर्छौं ।

श्री ५ बडा महारानी ऐश्वर्य
राज्य लक्ष्मी देवी शाह

ज्योतिष–दर्शन परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वन सम्पदा राष्ट्रको लागि
अपरिहार्य भएकोले
हामीले यसको सुरक्षा
गर्नु परेको छ ।"

-श्री ५ बीरेन्द्र

माटो बगे, पहिरो गए भूक्षय हुन्छ ।
बाँध बाँधौं, माटो बग्न नदेऔं ।
वृक्षरोपण गरौं, पहिरो जान नदेऔं ।

सौंजन्यः—सूचना विभाग

★ राज महिषी श्री ५ बडा महारानी सरकार

२६ सौं वर्षमा प्रवेश गरिबक्सेको सुअवसरमा

मौसूफ सरकारको

सुस्वास्थ्य एवं चिरायुका लागि

सभक्ति शुभ-कामना चढाउँछौं ।

-राष्ट्रिय बीमा संस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्य फल

कार्तिक शु षष्ठी देखि सूर्य वृश्चिक राशीमा, सिंह राशीको शनि, सूर्य राशीबाट शनि दशम राज्य स्थानमा शनिबाट चतुर्थ सूर्य पर्न आएको हुँदा उच्चधिकारीहरूको अदल बदल थप घटको योग पर्न आयो। यो योग मंसीर १ गते बाट शुरू हुन्छ र सालभर रहन्छ।

मंत्री परिषद् तर्फ राजा सूर्य, मंत्री बुध बुधादित्य योग पर्न आएको हुँदा गत अंकमा उल्लेखित फलादेश अस्थिर योगका बारेमा विचार गर्दा ०३५ साल जेष्ठसम्म रहने कुरा मार्ग शु. प्रतिपदा देखि मंत्री परिषद्मा थपघटको योग शुरू हुन्छ। वृश्चिक राशीको नेपाल शांतिमय वातावरणमा राजाप्रजाको हितकारी कार्य, ठुल्ठुला योजना लागू गर्ने तर्फ ध्यान जाने छ, तर व्यापारी दृष्टिकोणमा खाद्य वस्तु लगायत महंगीको योग पर्न आएको देखा पर्छ। मार्गे मैनामा अष्टम बृहस्पति पाँचौं केतु, नवौं नीचो मंगल पर्दछ। यसले संसारका कतिपय राष्ट्रहरूमा र भूमध्ये भागमा समेत खिचातानी परिरहने संभव छ—लडाईंको वातावरण पनि देखाउन सक्छ। ठूला ठूला मानिसहरूमा आघात पुऱ्याउने योग छ।

संसार भरको मुद्रास्थितिमा अदल बदल ल्याउने प्रयास हुनेछ। पौष महिनामा सू बु. फु. एकत्र मंगल अष्टम पर्न जाने हुँदा ठूला मुलुकहरूमा परस्पर मतभेद र रक्तपातको पनि आशंका रहन्छ। प्राविधिज्ञहरूमा नवीनत आविष्कार अनुसंधानको प्रवृत्ति जागेर जानेछ र कुनै नौलो कुराको पत्तो लाग्ने छ।

ले. श्री मणिप्रसाद तिवारी
राष्ट्रिय पंचायत सचिवालय

नेपालको एकमात्र गौरवशाली प्रकाशन

★ ज्योतिष दर्शन ★

★ ज्योतिष-दर्शनले नेपाली प्रतिभाहरूको ज्योतिषीय परिचय दिएर उल्लेखनीय काम गर्दैछ।
★ ज्योतिष-दर्शनले देश-विदेशको भविष्यवाणी गरेर चमत्कारिक उदाहरण देखाएको छ।
★ ज्योतिष-दर्शनले राष्ट्रिय संघ-संस्थाहरूको वर्तमान चित्रण र भावी संकेत दिँदै आएको छ।
★ ज्यतिष-दर्शनले लुप्त हुन लागेका ज्योतिषका व्यवहारिक विषय खोजेर छपाउँदैछ।
★ ज्योतिष दर्शनले अति गहनतम अनुसन्धान गरेर अभूतपूर्व काम गरिरहेको छ।
★ ज्योतिष-दर्शनले देशको एउटा खाँचो पूरा गर्दै आएको छ।
★ ज्योतिष-दर्शन तसर्थ गौरवशाली प्रकाशन हो।

त्यसैले यसलाई सहयोग गर्नहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष–दर्शनका स्थायी सदस्य महानुभाव

श्री दामोदर समशेर ज० ब० रा
श्री रवि समशेर ज० ब० रा०
श्री गन्धर्व समशेर ज० ब० रा०
श्री सुशील समशेर ज० ब० रा०
डा० भेष बहादुर थापा
श्री राजा प्रकाश विक्रम शाह
श्री बालाराम घर्ती मगर
श्री कृष्ण चौधरी
श्री गुरुशरण रोहित
श्री शिवप्रसाद शर्मा
श्री माला लोहनी
श्री नारायण बहादुर श्रेष्ठ
श्री हरिप्रसाद गिरी
श्री मणिहर्ष ज्योति
श्री रामलाल गोल्छा
श्री जुद्रबहादुर श्रेष्ठ
श्री मोहनलाल अग्रवाल
श्री जनक बिष्ट
श्री महेश कुमार उपाध्याय
श्री पार्थिवेश्वर तिमिल्सिना
श्री दिव्य समशेर थापा
श्री सूर्य प्रसाद उपाध्याय
श्री आङदण्डी लामा
श्री रणबहादुर शाह
श्री ललित कुमार बोस
श्रीमती उत्तरा पाण्डे
श्री अनन्तराम राठी
श्री भीम बहादुर क्षेत्री
श्री मदनलाल अग्रवाल

—ज्योतिष–दर्शनका स्थायी सदस्य संस्था—

काभ्रे जिल्ला पञ्चायत, धुलिखेल
महेन्द्र बहुमुखी क्याम्पस, धरान
पञ्चायत विकास प्रशिक्षण केन्द्र,नेपालगंज जनकपुर धान चामल निर्यात कं०
पञ्चायत विकास प्रशिक्षण केन्द्र जनकपुर मेची धान चामल निर्यात कं०, झापा
लोकसेवा आयोग, विशालनगर
रा. रा. क्याम्पस, जनकपुर
ल क्याम्पस, काठमाडौं
गुह्येश्वरी राइस मिल्स, विराटनगर
साना जलविद्युत्-विकास समिति
महेन्द्र मोरङ्ग क्याम्पस, विराटनगर
विराटनगर जुट मिल, विराटनगर
हनुमान टाकिज, जनकपुर
मोरङ्ग सुगर मिल्स, विराटनगर
बहुमुखी क्याम्पस, कीर्तिपुर
अशोक टेक्सटाईल, विराटनगर
पाठ्यक्रम विकास केन्द्र, हरिहरभवन
मेची क्याम्पस, झापा
पञ्चायत विकास प्रशिक्षण केन्द्र, झापा
जिल्ला कार्यालय शिक्षा शाखा झापा
यान्त्रिक शारिरीकरण, थापाथली
धरान नगर पञ्चायत, धरान
सुर्ती विकास कम्पनी, जनकपुर
राष्ट्रिय बीमा संस्थान
काठमाडौं उपत्यका नगर विकास समिति

ज्योतिष–दर्शनको विज्ञापन नियम

	पूरा पेज	आधा पेज	चौथाइ पेज
पहिला कभर	—	१०००।–	६००।–
चौथो कभर	१०००।–	५५०।–	३००।–
दोस्रो कभर	९५०।–	५००।–	२७५।–
तेस्रो कभर	,,	,,	,,
मुख पेज	१०००।–	५५०।–	३००।–
साधारण पेज	८५०।–	४५०।–	२५०।–

(नियमित विज्ञापनदाताज्ञाई यो नियम लागू हुने छैन)

ज्योतिष दर्शनको सदस्य शुल्क

वार्षिक १५।– हुलाकद्वारा २०।–
आजीवन ४५० –
यस अङ्कको ४।–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष–दर्शन

ज्योतिष सम्बन्धी नेपाली त्रैमासिक

वर्ष-६ २०३४ भदौ-असौज-कार्तिक अङ्क-१५

☆ सल्लाहकार मण्डल

श्री महेश्वर शर्मा
—नेपाल राजज्योतिषी

श्री मङ्गलराज जोशी
—अध्यक्ष पञ्चाङ्ग संशोधन मण्डल

श्री आनन्दलाल प्रधान

श्री उमानाथ शास्त्री

श्री मणिप्रसाद तिवारी

श्री तृप्ती झा

श्री शशीकान्त शर्मा

डा. श्री लक्ष्मी भट्ट

☆

सम्पादक तथा प्रकाशक

श्रीदेव साप्रकोटा

ठेगाना—

ज्योतिष–दर्शन

६/१५५ मछिन्द्रवहाल, काठमाडौं

ज्योतिष–दर्शनको उद्देश्य

१) ज्योतिषसम्बन्धी व्यावहारिक तथ्यको अन्वेषण गरेर प्रकाशमा ल्याउने ।

२) ज्योतिष शास्त्रको तथ्यपूर्ण प्राचीन अंशको संरक्षण र संवर्द्धन गर्ने ।

३) ज्योतिष विज्ञानका आधुनिक मान्यताहरूको खोजबीन गरेर जनसमक्ष ल्याउने ।

४) ज्योतिषसम्बन्धी कुनै पनि अङ्गको अध्ययन रूचि लिनेहरूको सहयोगी बन्ने ।

५) ज्योतिषसम्बन्धी बिषयलाई प्रयोगात्मक प्रणालीबाट सत्यासत्यको छानबीन गर्ने ।

सम्पादकीय

नवदुर्गाको शक्ति कलियुगेलाई चाहिएको छ !

पापात्मा दुखसंयुक्तो धनहीनोऽयशा नर :।
दुष्ट बुद्धिर्दुराचारी जायते च कलौ युगे ॥

—मानसागरी पृ. १० ॥

मानसागरी ज्योतिष-शास्त्रको सर्वमान्य पुस्तक हो । त्यसमा कलि युगी मानिसको चरित्र पापी, दुखी, निर्धनी, अपयशी, दुष्ट, दुराचारी हुन्छ भनि लेखिएको छ । के त आज मानिस सबै त्यस्तै छन् ? तथ्यत : पापी, दुखी, सुखी, धनी गरीब सबै युगमा हुन्छन् । जति वर्णन कलियुगको वेद पुराण धर्म शस्त्रमा लेखिएका छन् ती जम्मै कुरा हरेक युगमा पाइन्छन् । त्यै धर्म शास्त्रको देखासिखी ज्योतिष शास्त्रमा लेखियो । किनभने ज्योतिष शास्त्रको दार्शनिक र साहित्यिक पक्षमा कुनै खास युगका मात्र कुनै खास चरित्र भएका व्यक्ति मान्दैन । हो, कुनै खास परिस्थितिमा कुनै खास चरित्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माण हुन्छ । ज्योतिषको मूल आधार ग्रह गणित हो । गणितद्वारा आएका ग्रहहरूको उत्कर्ष र अपकर्षमा अथवा भनौं ग्रहहरूको गुण चरित्र अनुसार, दूषित स्थितिका ग्रह र सुस्थितिमा ग्रह अनुसार तथा तिनीहरूको संयोग-वियोगद्वारा मानिस पापी, धर्मात्मा, दुखी सुखी, दुराचारि सदाचारी, दुष्ट-सज्जन हुनु निर्भर गर्छ अमुक अमुक ग्रहहरूको प्रभावमा अमुक व्यक्ति परेको छ र तदनुसार यसको गुण चरित्र यस प्रकारको छ भन्ने व्याख्या ज्योतिषले गर्छ । यदि यो कलियुग हो, अतः यस युगका मानिस असल हुन्नन् भन्ने गुनासो गर्ने हो भने त यहाँ केही पनि हुन्न, दुनियाको विकासै अवरुद्ध हुन्छ, अथवा ज्योतिषको सपूर्ण फलित सिद्धान्त त्यही एक श्लोक पापात्मा भन्ने मा पूरा हुन्छ, अथवा ज्ञान विज्ञान, कला-कौशल, आदि संपूर्ण श्रेय वस्तु हुने थिएन । तर त्यसो होइन, त्यत्रो ठूलो अपवाद हुन सक्तैन । पहिला पनि छली· कपटी-दुराचारी थिए-छ इन्द्र अहिल्याकाण्ड जस्ता अनेकौं छल कपट हुन्थ्यो, अनेक अपराध मार-काट र दुराचार हुन्थ्यो । सो आज पनि हुन्छ । सत्य, त्रेता, द्वापर कलि आदि जे जति युग भए ती जम्मै युगमा उपरोक्त श्लोक घटित हुन्छ । असत्य मार्ग, पापी, दुराचारी हर युगमा हुन्छन् । साथै महापुरुष, युगपुरुष, सत्यवादी र सद्व्यक्तिहरू हरेक युगमा हुन्छन् । असल व्यक्ति आज छैनन् भन्नु वा महापुरुष, युग पुरुष आज भएनन् भन्नु आत्म वंचना हो । बरु पूर्वोक्त श्लोकलाई अलंकारिक वर्णन गनुं उचित छ । अथवा सबै युग सबै समयमा हुन्छन् भन्ने विचार लिनु अर्थात् सत्य, त्रेता, द्वापर, कलि आदि हर युग हर हमेशा सृष्टिको आदि-देखि अंतसम्म जतिखेर पा.. रहिरहेको छ भन्नैमा भावात्मक विचार लिन सकिन्छ जस्तै—असल व्यक्तिहरूमा सच्चा व्यक्तिसंग सत्पुरुषहरूका पास-सदा अरूको भलो गर्नेपट्टि लाग्नेहरूमा सत्य युग रहन्छ; वीर पुरुषहरूका पास-कर्मवीरहरूसंग-अमोघ शक्ति र साहस लिएर कर्म क्षेत्रमा जुट्नेहरूका पास त्रेता युग हुन्छ; धनी-वैभवशालीहरूसंग–जतिखेर पनि स्वर्ण युगमा रम्ने महानुभावहरूका पास द्वापर युग हुन्छ; अनि हामी लाखौं लाख नेपालीहरूसंग के छ ? कलियुग !! निर्धनता, अभाव र अकिंचनपन हाम्रो जीवनमा टांसिएको छ यही नै कलियुगको प्रसाद हो ! अनि अर्कोतिर केही नेपाली (एकाध प्रतिशत) हरूमा विलासको भुँवरीमा परेर वा सुख सुविधाको टाकुरामा बसेर आफूलाई भुलेका छन् र अन्याय, अत्याचार र शोषण गर्नु नै आफ्नो परम कर्तव्य ठानेका छन् यो पनि कलियुग कै प्रसाद हो ! यसरी हामी नेपाली एकातिर गरीबी-दीनतामा डुबेका छौं त अर्कोतिर शोषण-अन्यायमा परेका छौं अर्थात् माथि वर्णित कलियुगे श्लोकको अर्थमा हामी नेपालीहरू संपूर्ण कलियुगे घुंटो ओडिराखेका छौं !!

हामी नेपालीहरू नवरात्रमा विशेष गरेर दुर्गापूजा गर्छौं—शक्ति अर्चना गर्छौं, आपना संपूर्ण कठिनाई पन्छियोस सुख सुविधांको वृद्धि होस् भनी माता भगवतीसंग याचना गर्छौं दुखी र कातर स्वरमा । दुर्गापूजा गर्ने नेपालीहरूको धर्म संस्कृति हो वा होइन भन्ने अनास्था पूर्वक विवाद परे सारेर दुर्गा देवी-शक्ति प्रति विश्वास र भावना लिनु हामी संपूर्ण कलियुगेहरूका लागि नितांत आवश्यक छ किनभने हामीले त्राण पाउने हाम्रो दुख-दारिद्रय दूर गर्ने शक्ति हामीलाई माता दुर्गाले दिनै पर्छ । तसर्थ दुर्गा पूजाको यस नव रात्रमा हामी पनि कॉथर स्वरमा देवी प्रार्थना गरौं—हे देवी हाम्रो कल्याण गर ! विजया दशमीको यस नेपालीहरूको मुख्य पर्वमा कामना गरौं–हाम्रो धरातलमा व्यापेको गरीबीसंग जुधेर विजयी हुन हामीमा शक्ति भरियोस् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फल सामायिकां

०३४ भदौ २७ गते गठित मंत्री मंडल र त्यस दिनका ग्रह-दशा

—श्री उमानाथ शास्त्री
त्रि. वि. वि. कीर्तिपुर

विहान ७ बजेका ग्रह

८	७	६ रा.	५ बु. सू.श चं	४ शु.
९		प्रधान मंत्री	३ गु.मं.	
१०	११	१२के	१	२

दिउँसो २–३० का ग्रह

११	१०	९.	८	७
१२.के.		मंत्री मंडल	६ रा.	
१	२	३ मं. गु०	४ शु.	५ सू.बु. च. श.

जतिखेर मंत्री मंडल गठन भएको आम दुनियाले थाहा पाए त्यतिखेरको ग्रह स्थिति हेर्दा केन्द्र योग (शक्ति-योग) जुन दशम स्थान केन्द्रबाट (मं. गु. बाट) आरंभ भई राहुमा (लग्नमा) समाप्त हुन्छ (संपूर्ण ग्रह गुरु र राहुका बीच गुरुबाट १–२–३–४ क्रमशः अगाडिका ४ कोठामा समावेश छन् अर्थात् १०-११-१२-१ यी स्थान भित्रै ग्रह परेका छन्)। यस केन्द्र योगले आशामय सफलता दिने छ र समाधानको सही मार्गदर्शन गर्ने छ। यो केन्द्र योगको प्रभावले गर्दा मंत्री मंडलमा आपसी सहयोग रहने एवं प्रधान मंत्रीको व्यक्तित्वको बढी सक्रियता रहने छ। प्रधान मंत्रीको कार्य कुशलताको प्रभावबाट महत्वपूर्ण कुरामा बुद्धिमत्ताका साथ निर्णय हुनेछ।

केन्द्रमा मं. र गुरुको युतिले गर्दा प्रशासकीय निर्णय आपसी सरसल्लाहले समझदारीका साथ हुने छ। मंगलको सेना नेतृत्व एवं गु. को कूटनीतिज्ञता दुवै एक साथ जनहितका लागि हुने छ। कर्कको शुक्र लाभ स्थानमा कोशेष भएर बसेकाले राज्यकोषको अभिबृद्धि गराउने तर्फ प्र. मं. सचेष्ट रहने योग पर्‍यो। कोषको उचित प्रयोग र आय-व्ययको प्रशंशा हुनेछ। जन लाभार्थ कोषको सदुपयोग हुने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहहरूको स्थितिमा अस्वस्थ स्थान चन्द्र र शनिको भएकाले विचारणीय छन्। चन्द्रमा सूर्यको प्रभावमा बसेकाले प्रधान मंत्रीलाई निक्कै जुध्नु पर्नेछ। र मंत्री मंडलमा पनि केही तनाव उत्पन्न गर्छ। साथै द्वादश शनि पनि सूर्य कै प्रभावमा अस्त छ। सहयोगीहरूमा बौद्धिक संकीर्णताले गर्दा व्यर्थको वाद विवाद र भागदौडमा बहाँलाई पर्नु पर्ने छ। तर लग्नमा राहु स्वगृही बसेकाले कूटनीतिको मार्गबाट सक्रिय निर्णय लिएमा सफलता छ।

त्यस समयमा बृहस्पति धनुको नवांशमा छ। यो अत्यधिक बलवान भयो। धनराशी पनि केन्द्रमा छ साथै मंत्री मंडल घोषणा भएको लग्न हो र धनको मालिक बृहस्पति राज्यमा छ। तसर्थ प्रधान मंत्रीको राज्यप्रतिको व्यक्तित्व अति महत्व पूर्ण हुने सुयोग पर्न गयो। मंत्री मंडलको कुण्डलीमा पनि बृहस्पति मित्रपति भएर केन्द्र संधी-संभौताको ठाउँमा बसेकोछ। यसको फल छ प्र. मं. ले अन्य कतिपय मंत्रीहरूबाट मधुर संबन्ध र पूर्ण सहयोग प्राप्त गर्ने। मंगल ग्रह शनिको अंश (कुंभ नवांश) मा भएकाले केही निरोधीहरूसंग तनावको स्थिति उत्पन्न गर्छ, मानसिक उत्पीडनको सामना पनि गर्नु पर्ने छ।

मघा नक्षत्र शनिबाट आक्रान्त भएकाले र सूर्यका साथ बसेर प्रभाव हीन भएकाले शत्रु पक्ष सधैंजसो बनि-रहने एवं बौद्धिक स्तरको निर्णयमा आफ्नो विवेकले काम लिन सक्ने क्षमताको अलिक अभाव पर्ने समय समयमा खण्ड पर्छ।

सू. चं. को योगले मंत्री मंडल गठन भएको तेस्रो महीना (नभेम्बर) मा स्पष्ट रूपले विरोधी प्रभाव देखा पर्छ, त्यसबेला बढ़ी जिम्मेदारीका साथ सक्रियता ल्याउनु पर्छ। दिसम्बर मासको उत्तरार्द्धमा मंत्री मंडल तहमा असाधारण परिवर्तन हुने देखा पर्छ। दिसम्बर मासको उत्तरार्द्धमा नै देश हितको व्यापक दृष्टि ध्यानमा राखी सुहाउँदो परिवर्तन हुने छ। यो मास शांतितर्फ विश्वलाई पनि प्रेरित गर्ने भएकोले हाम्रो देश नेपालमा पनि शांतिमय ढंगले नै तनाव समाप्त गरिने छ, अन्यथा शनि र मंगलको बक्रताले गर्दा तनाउ, जोश र केही मात्रामा हिंसक स्थिति हुने छ। त्यस कारण उपरोक्त अध्ययनलाई मध्यनजर गर्दै हामी के राय पेश गर्छौं भने विवेक पूर्ण निर्णय लिदै शांतिमय ढंगले पाइला चाल्नु र जोश र उत्तेजनालाई दमन गर्नु युक्ति संगत हुने छ।

अंग्रेजी मतमा

यस मंत्री मंडलमा खास गरेर गुरु र मंगलको प्रभाव परेको छ। किनभने गुरु र मंगल एकै ठाउँमा केन्द्र-वर्ती छन्। र पश्चिमा अंक ज्योतिषको हिसाबबाट पनि गुरु र मंगल नै आउँछन्। जस्तै—१२ सितम्बर १९७७ = ३६ पूर्णांक। अर्थात् १२: १+२ =३ मूल अंक गुरुको र ३+६=९ भाग्य अंक मंगलको पर्न गयो। बृहस्पति त शुभ अंशमा (धनको नवांशमा) भएकाले शुभ छ तर मंगलको अंश (कुंभ शनिको) अनुकूल छैन। साथै त्यो दिन मंगल राहुको नक्षत्र (आर्द्रामा) छ। यस स्थितिमा मंगलले गुरुसंग बसेको भएता पनि राहु र शनिको फल दिने भयो। राहु मंगल षड्यंत्री र विद्रोही ग्रह पनि हुन्। यस मतमा उक्त समयमा घोषित मंत्री मंडलले परिशुद्ध रूपमा कार्य संचालन गर्न सक्ला भन्नेमा विश्वस्त हुन अलिक गह्रारो पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिषको दृष्टिमा साना जल विद्युत् विकास समिति

[ज्योतिष-दर्शनमा प्रकाशित कतिपय संघ-संस्था एवं समितिको वर्तमान चित्रण र भविष्य संकेत पढेर ज्योतिषले व्यक्तिको ग्रह-दशा हेरेको त सानैदेखि थाहा पाइएको हो तर देश-विदेश संघ-संस्थाको पनि ग्रह-दशा हेर्दो रहेछ भन्ने उक्ति धेरै ठाउँबाट सुनिए। संघ-सस्था, पशु-पंची, जड-चेतन यावत् वस्तुको हिसाब-किताब ज्योषिषले लगाउँछ भन्ने कुरा धेरैलाई थाहा रहेनछ। शुभ-अशुभ, लाभ-हानी, ह्रास-विकास आदिको वर्णन ज्योतिषले मानिसको मात्र होइन, संसारका सम्पूर्ण पदार्थको गर्छ। देश विदेश र संघ-संस्थाहरूको ज्योत्तिष ग्रह-दशा छापेर ज्योतिष-दर्शनले नयाँ मार्ग खोलेको छ र आजसम्म प्रकाशित संघ-संस्थाको ज्योतिषीय फल ती संघ-संस्थाहरूलाई एक प्रकारले मार्ग-दर्शन भएको छ। यसै सन्दर्भमा यस अङ्कमा पनि एउटा हिसाब पेश गरिदै छ। स०]

२०३३ कार्तिक २३ गते सोमबार तदनुसार ८ नभेम्बर १९७६ का दिन साना जल विद्युत परियोजना संचालन गर्न भनी विकास समिति गठन भयो। त्यो दिन कृतिका नक्षत्र र वृषराशी थियो। वारपति चन्द्रमा त्यो दिन उच्चमा छ। कृतिका नक्षत्र सूर्यको हो। वृषराशी चाहि शुक्रको हो। अतः चन्द्र, सूर्य, शुक्र यी तिन ग्रह प्रभावशाली भएको दिनमा समितिको गठन भएको छ। चन्द्रमा निर्माणकारी ग्रह हो, सूर्य अगुवा नेता ग्रह हो र शुक्र राजनैतिक आकर्षण बढाउने ग्रह हो। चन्द्र सूर्यले निर्माण कार्यमा गतिशील नेतृत्व गर्ने प्रवृत्ति बढाउछन्। शुक्रले अलिक विवाद तथा राजनीति तर्फ आकर्षण बढाउछ। नक्षत्रपति सूर्यले र दिनपति चन्द्रमाले जुन उद्देश्यका लागि समिति गठन भएको छ त्यसै उद्देश्यमा लगाउन बराबर उत्प्रेरित गराउछन्। किनभने त्यो दिन ती तिनैवटा ग्रह दृश्यनक्षत्रमा थिए। जस्तै—दिनपति चन्द्रमा कृतिका नक्षत्र सुलोचनमा, नक्षत्रपति सूर्य स्वाति नक्षत्र सुलोचनमा र राशिपति शुक्र मूल नक्षत्र सुलोचनमा पर्न गएका थिए। यो शुभ संकेत हो। अतः उक्त दिनमा गठित समितिका क्रियाकलापहरू सुन्दर रूपबाट देखा पर्ने योग पर्‍यो। तर यहाँनिर एउटा आशंका के देखियो भने राशीपति शुक्र त्यो दिन संधिगत छ र सूर्य चन्द्रमाबाट धेरै टाढा पुगेको छ। चन्द्रमाबाट आठौं र सूर्यबाट तेस्रो शुक्र पर्न गएको छ। यसलाई शुभ मान्दैनन्। गठित समिति अत्यन्त सार्थक र जागरूक भएर पनि केही सदस्यहरूमा एकमत नरहने वा केही सदस्यहरूद्वारा विकासको आडमा राजनीति खेलिने योग पनि परेको छ। राशीपति शुक्र सूर्य चन्द्रमाबाट विमुख भएर राहुको (मूल नक्षत्रमा) नक्षत्रमा चढेको छ। राहु षडयन्त्रको सर्जक पनि हो। तसर्थ यो सबै अनुशीलनबाट के निष्कर्ष निस्कन्छ भने उक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समितिद्वारा विकास कार्य रचनात्मक तुल्याउन हाल विद्यमान राजनीति खेल्न चाहने केही सदस्यहरूमा संशोधन गर्नु पर्छ।

कार्यारंभ भएको दिन वा परियोजना प्रमुख नियुक्त भएको दिन रविवार २०३३ पौष १२ गते तदनुशार २६ दिसम्बर १९७६ का दिन शतभिषा नक्षत्र कुम्भ राशी छ। रविवार सूर्यको वार हो। सूर्य मूल नक्षत्र धन राशीमा छ। धन गुरुको राशी हो। कुम्भ शनिको राशी हो। अतः दिनपति सूर्य, नक्षत्रपति गुरु र राशीपति यी तिनै क्रियात्मक स्वभावका ग्रह हुन्। तसर्थ कार्यारंभ भएको दिन अथवा परियोजना प्रमुख नियुक्त भएको दिन शुभ लाभदायी छ।

अंग्रेजी ज्योतिषमा

साना जल विद्युत विकास समिति

गठनः-- ८.११.१९७६ = ३३: ३ + ३ = ६ शुक्र { मूल अंक ८ शनि / भाग्य अंक ६ शुक्र

प. प्र. नि. कार्यारंभ २६ १२.१९७६ = ३४: ३ + ४ = ७ चन्द्रमा { मूल अंक ८ शनि / भाग्य अंक ७ चन्द्रमा

समिति गठन भएको दिनको मूल अंक ८ पर्‍यो। ८ शनिको अंक हो। शनिमा क्रियात्मक गुण प्रशस्त छन्। त्यस दिन गठित समितिद्वारा विकास कार्य राम्रो हुन्छ! मूल तः समिति क्रियात्मक नै रहन्छ। तर भाग्य अंकले अलिक समर्थन गरेको छैन। किनभने भाग्य अंक ६ शुक्रको आयो। शुकमा काम भन्दा कुरा ज्यादा गर्ने प्रवृत्ति छ। यसतर्फ समितिका जिम्मेवार व्यक्तिले कुरौटे महानुभावहरूलाई क्रियात्मक बनाउने तर्फ ध्यान दिन युक्ति संगत हुने छ। तथापि कार्यारंभ भएको दिनको मूल अंक २६: २ + ६ = ८ शनि र भाग्य अंक ७ चन्द्रमा त्यो दिन शनि कै राशीमा छ। अतः कार्यारंभ भएको दिनले रचनात्मक विकास हुने ठहर गर्छ।

वारहरू ग्रहका नाममाराखिएका छन्। जस्तै—

१. रविवार—सूर्य
२. सोमवार—चन्द्र
३. मंगलवार—मंगल
४. बुधवार—बुध
गुरुवार—गुरू
शुक्रवार – शुक्र
शनिवार– शनि

नक्षत्र		महीना
विशाखा	—	वैशाखा मास
ज्येष्ठा	—	जेष्ठ मास
उत्तराषाढा	—	आषाढ मास
श्रावण	—	श्रावण मास
उत्तराभाद्र	—	भाद्र मास
अश्विनी	—	अश्विन मास
कृतिका	—	कार्तिक मास
मृगशिरा	—	मार्गशीर्ष साम
पुष्प	—	पोष मास
मघा	—	माघ मास
उत्तरा फाल्गुनी	—	फागुन मास
चित्रा	—	चैत्र मास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसको जन्म, विकास एवं क्रियामा मूल कारण नव ग्रह

जन्मः- सूर्य, चन्द्र र लग्न राशीसंग संमिश्रण नै मानिसको जन्म हो। चन्द्रमाको सहायक मंगल र सूर्यको सहायक शुक्र हुन्छ प्रजनन कारणमा । चन्द्रमालाई माता सूर्यलाई पिता, मंगललाई रज र शुक्रलाई वीर्यसंज्ञा दिइएको छ। लग्न-राशी भूमि आधार स्तंभ वा भ्रुण हो । सूर्य-चन्द्रले अर्थात् माता-पिताले मंगल-शुक्र समेत अन्य विश्व संचारीकिरण (COMSIC RAYS)बाट आकाश-मंडलमा संचारित प्राणी-कीटाणुहरू लिएर आधान कर्म गर्छन् । माता -पिताका रश्मि प्रवाहको अमूर्त रक्तवर्ण (INTRA RED) बाट धमनी-ब्यूहमा र अदृश्य नीललोहित (ULTRA VOILET) बाट मस्तिष्क उपर परिणाम पर्छ। जसद्वारा दुवैको इच्छा शक्ति र मनोकेशमा संचालन हुने गर्छ। विश्व संचारी किरणको गति सर्वत्र अर्थात् बाक्लो भन्दा बाक्लो शीशा-धातु वा कुनै पनि ठोस पदार्थमा प्रवेश गर्न सक्छ र पार गर्न सक्छ। पिता सूर्य), वीर्य (शुक्र) माता (चन्द्रमा), रज (मंगल) को सयोगबाट गर्भाधान हुन्छ। यसपछि चन्द्रमा (माता) आफ्नो गर्भमा जीव पोषण गर्छिन् र भूमि (लग्न) मा सूर्यको प्रकाशमा प्रदर्शित गर्छिन्। माता - पितासंग अनुवंशिक शक्ति ([illegible]AVI[illegible]M Power) पनि रहन्छ। उनीहरूलाई केवल आधान-कर्म गर्दा (गर्भा रोपण गर्दा) विश्व संचारी किरणबाट प्राणीको आत्म तत्व (WORMS) लिन पर्छ ।

विकासः- शनि स्थिरता, मंगल-इच्छा, बुध-मेधा, राहु -नाडीहरू, केतु-अवरोध, गुरू- चैतन्य विचार, चन्द्र-मनोमय संकेत, शुक्र-सुन्दरता, सूर्य-प्रकास वा विकास क्रम। मानिसमा हुने अन्तर्मुखी क्रिया र वहिर्मुखी क्रियामा नवै ग्रह कारण हुन्। यिनै ग्रहहरू दुवै प्रकास क्रिया संचालन गर्छन्। शनिले मानिसका क्रियाहरूमा स्थिरता ल्याउँछ । मंगलले अनेकौ इच्छा जागृत गर्छ। बुधले बुद्धिलाई संचालित गर्छ । राहुले नाडीहरू धमनीहरू र कुण्डलिनीको प्रतिनिधित्व गर्छ। गुरूले विचारको द्वार खोल्छ। चन्द्रले समवेनात्मक बनाउँछ सूर्य विकासको गति बढाउँछ।। शुक्रले आकर्षण गर्छ।

ग्रह एवं व्यक्ति प्रवृत्ति



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष–शिक्षण—२

राशी – नक्षत्र – ग्रह

गत अंकबाट मामाक्षरबाट नक्षत्र र राशी निकाल्ने तरीका सिक्नु भयो। अब यस अंकमा राशी कसरी बने तिनीहरूको स्वामि कुन कुन हुन् र तिनीहरूको के विशेषता छ आदि वैज्ञानिक कुरा सिक्नु हुनेछ ।

"चक्रवत् परिवर्तन्ते कालः सूर्य वसात् सदा"

यो सन्सार सूर्यको कारणले काल वा समय निरंतर चक्र समान चलिरहेको छ, घुमिरहेको छ। हामी पृथ्वीबाट देख्छौं, सूर्य चन्द्रादि ग्रह, नक्षत्र, तारा सदा एक ठाउँ रहन्छन् । प्रति दिन हिंडिरहेका देखिन्छन्। विहान सूर्योदय हुन्छ, मध्याह्न हुन्छ, साँझ हुन्छ, सूर्य अस्ताउँछ अनि राती हुन्छ र आकाशमा असंख्य तारामण्डल देखिन्छन् र ती ताराहरू पनि हिंडिरहेका देखिन्छन्। सदा यही क्रम चलिरहन्छन्। हाम्रो पृथ्वीको आकार सुन्तला जस्तो छ । यो आफ्नो धुरी (Axis) मा २३½ अंशको कोण बनाउँदै सूर्यलाई परिक्रमा गर्छ। यसले गर्दा ऋतु परिवर्तन हुन्छ र दिन छोटो र लामो हुन्छ। आफ्नो कीलोमा पश्चिमबाट पूर्वतिर घुम्दा पृथ्वीको जुन भाग सूर्यको सामु पर्छ त्यो दिन र विपरीत भाग रात हुन्छ। यसै घुमाइमा २३½ अंशमा कोल्टिएको पृथ्वीको कोण अथवा शास्त्रीय भाषामा सूर्यको संचार मार्गलाई क्रान्ति वृत्त भन्छन्। यद्यपि यो कल्पित रेखा हो, तथापि यसै सैलाई आधार मानेर एक वृत्तको कल्पना गरिएको छ। यसै कल्पित वृत्तको केन्द्रमा आफ्नो धुरीमा २३½ डिग्रि कोल्टिएको पृथ्वीलाई स्थापना गरिएको छ। यस सिद्धान्त अनुसार केन्द्रविन्दुको नापो ३६०° मानिएको छ। यसै ३६० डिग्रिलाई १२ भागमा बडिएको छ जसलाई १२ राशी भन्छन्। यस हिसाबबाट प्रत्येक राशी ३० डिग्रिमा विभक्त छन्। १२ मासको एक वर्ष र ३० दिनको एक महिना मानिने पनि यही सिद्धान्त हो। सूर्य बाहेक सबै ग्रह क्रान्ति वृत्तको ७½ अंश दक्षिण अथवा ७½ अंश उत्तरको सीमामा क्रांतिवृत्त अनुसार नै संचरण गर्छन । यसरी क्रांतिवृत्तको दुवैतिर मिलाएर १४° अंश चौडा जुन मार्ग बन्दछ यसैलाई 'राशी चक्र' 'भचक्र' भन्दछन्। यस भचक्रको परिधि ३६०° अंश मानेर अश्विनी आदि २७ नक्षत्र तथा मेष, वृष आदि १२ राशीको स्थापना भएको छ। त्यसलाई प्रष्ट गर्न तलको दुवै चक्रमा हेर्नुहोस्।

यस चक्रमा ध्यान दिनोस् । सबैलाइनमा चार चार राशी छन्। माथिको लाइनमा जुन ग्रह छन् ठीक त्यसको सामु तलको लाइनमा तिनै ग्रह छन् । जस्तै माथिको लाइनमा सबभन्दा पहिले मीनमा गुरू छ त ठीक त्यसको सामु तलको लाइनको शिरानमा पनि धनमा गुरू छ। [illegible] मंगल छ र ठीक त्यसको सामु तल वृश्चिक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा मंगल छ। यसरी नै वृषमा शुक्र र तुलामा शुक्र एवं मिथुनमा बुध र कन्यामा बुध ठीक सामु छन् । अनि बीचको लाइनमा दाहिनेतिर कर्कटको चन्द्रमा र सिंहको सूर्य तथा देब्रे तर्फ कुंभ र मकरको शनि । यस तारतम्यमा अत्यंत वैज्ञानिकता छ। खुलस्त रूप व्यावहारिक व्याख्या र उदाहरण समेत आगामी अंकमा प्रस्तुत गरिने छ। यहाँ केवल केही सिद्धान्त पक्ष देखाइएको छ। बुझनको लागि यो चक्रमा हेर्नोस मेष ० डिग्रीदेखि लिएर मीन ३६० डिग्रीसम्म ग्रह, नक्षत्र, राशी कुन प्रकारले स्थित छन् जसमा पूर्ण विज्ञान छ। अस्तु ।

मीन गुरू	मेष मंगल	वृष शुक्र	मिथुन बुध
कुंभ शनि	राशी र ग्रह		कर्कट चन्द्रमा
मकर शनि			सिंह सूर्य
धनु गुरू	वृश्चिक मंगल	तुला शुक्र	कन्या बुध

३६०°	० मेष (मंगल)	३० वृष (शुक्र)	६० मिथुन (बुध)	९०
मीन (गुरु)	पू भा- ३-२० उ भा. १६-४० रेवती. ३०-००	अश्विनी--१३-२० भरणी-२६-४० कृतिका-३०-००	कृतिका-१०-०० रोहिणी-२३-२० मृगशिरा-३०-००	मृगशिरा-६-४० आर्द्रा-२०-०० पुनर्वसु-३०-००
३३० कुंभ (शनि)	धनिष्ठा-६-४० शत-२०-०० पू.भा.-३०-००	चद्रमा		पुनर्व-३-२० पुष्य-१६-४० श्लेषा-३०-००
३०० मकर (शनि)	उ.षा-१०-०० श्रवण-२३-२० धनिष्ठा-३०-००	सूर्य		मघा-१३-२० पू.फा-२६-४० उ.फा-३०-००
२७० धन (गुरु)	मूल-१३-२० पू षा-२६-४० उ.षा-३०-००	विशाखा-३--२० अनु-१६-४० ज्येष्ठा-३०-००	चित्रा-६-४० स्वा-२०-०० विशाखा-३०-००	उ.फा-१०-८० हस्ता-२३--२० चित्रा-३०-००
२७०	२४० वृश्चिक (मगल)	२१० तुला (शुक्र)	१८० कन्या (बुध)	१५०

९० कर्कट (चन्द्रमा) १२० सिंह (सूर्य) १५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्माक्षर फल

अ- धर्मात्मा, पशुप्रेमी, रोगी, शिक्षाप्रेमी

इ- अधर्मी, वेद पुराणमा अविश्वास गर्ने, सन्की ।

उ- वीर, दीर्घसूत्री, दुष्ट चरित्रहीन, मन्दबुद्धि ।

ए- दीन, रोगी, विषादी, केही झगडालु ।

ओ- सुन्दर, पवित्र, चिन्तित, यात्राप्रेमी, अस्थिर, रोगी ।

क- नम्र, आनन्दी, धर्मात्मा ईश्वर भक्त ।

की- बुद्धिमान, नम्र. धार्मिक, केही कपटी, सन्काहा ।

कु- विपरीत लिंगी समान, स्वच्छ हृदय भएको कमलो ।

के- दीर्घाकार, विषयी, बधिर ।

को- अल्छी अधर्मी, विषादी, ।

खी- दीर्घाकार, स्वाभिमानी, बुद्धिमानी, केही रुखो ।

खु- कामी, कृपण, अमित्र ।

खे- कामी, लोभी, रोगी, धनी ।

खो- धर्मात्मा तर चरित्रहीन, धनी, कृषिप्रेमी ।

गा सिद्धान्तरहित, दीर्घाकार ।

गी- दुष्ट, ठग, दीन, स्थिर, चित्रकार संपर्क ।

गु- सम्मानित, सुन्दर, कृशकाय ।

गे- अभिमानी, वंचक, धनी तर क्रूर ।

गो- सुन्दर, पशुप्रेमी, धर्मात्मा ।

घ- चतुर, धूर्त, न्यायमा हिड्ने; विवाद प्रेमी ।

ङ- रोगी, सशक्त, चेठिने स्वभाव, गोप्य हानि गर्ने

चा- बदला लिने बानी, दीन, कमजोर मस्तिष्कको ।

ची- सम्मानित, शत्रुलाई जित्न सक्ने ।

चु- पीठ पछाडि डस्ने, अस्थिर बुद्धि ।

चे- इतिहास-पुराणमा रुचि, अर्कालाई बुद्धिमा हिड्ने ।

चो- ज्योतिषमा रुचि लिने, बुद्धिमान, सम्मान पाउने, विषयी ।

छ- संवन्धी विरोधी, मलीन, नीच स्वभाव ।

जा- अभिमानी, गम्भीर वाणी, स्थूलकाय ।

जी- पुष्ट, विचित्र कामकाजी, व्यापारी ।

झ- ईश्वर भक्त, परोक्षमा हानी गर्ने, क्षुद्र प्रकृतिको ।

ञ- काव्य प्रेमी, बहुकुटुम्बी, चिडचिडा स्वभाव ।

टा- भाग्यको कमजोर, कृषक स्वभाव ।

टी- सज्जन, आदरणीय ।

टु- विषादी, शरीरमा घाउको चिन्ह ।

टे- मधुर-भाषी, वीर स्वभाव, सुमित्र ।

टो- दीन, भक्षाभक्षी वा मांसप्रेमी ।

ठ- दीर्घकाय, मातृ स्नेह सदा प्रसन्न रहने ।

डा- झगडालु, चेठिन स्वभाव, विपरीत लिंगमा मुग्ध ।

डी- धनी, स्त्रीवत् प्रकृति, विनोदी, प्रसन्न चित्तको, अनेक कला जान्ने ।

डु- धर्मात्मा, सुन्दर आकृति तर दुष्ट स्वभाव ।

डे- युद्धमा वा वाद विवादमा हार्ने ।

डो- दुष्ट संगत, नीच जातकी स्त्रीमा आशक्त, रोगी अति-व्ययी ।

ढा- शुरो, साहसी, जोशिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ण- चतुर, रोगी, व्यापारी बुद्धि ।

ता- चतुर, कामी वार्तालापमा प्रवीण ।

ती- फलज्योतिष प्रेमी, अध्ययनशील, सोझो, व्यापार बुद्धि ।

तु- स्वार्थी, आफ्नै राग अलप्ने, जादू-टुना यंत्रमंत्र प्रेमी, कामुक, कलहकारी, सत्य प्रिय ।

ते- दृढ़ अंग, दूश्चरित्री, लघु आकृति, कुराकानीमा चतुर ।

तो- धनी स्वभाव, बुद्धिमान, व्याख्यान-कुशल, कुराकानीमा बाठो ।

थ- अति भ्रमणशील; क्रोधी, दीन स्वभाव, साहित्य प्रेमी, बुद्धिमान, संदेही ।

दा- प्रसन्न मुख, साहित्य प्रेमी, भ्रमणशील, कवि स्वभाव, पैतृक गुणले युक्त, झर्किने ।

दी- सुन्दर स्वभाव, सम्मान पाउने ।

दु- झर्किने बानी, दानी, उदार, शंकालु ।

दे- कलहकारी, अध्ययनशील, हंसिलो, योग्य साथी ।

दो- कृश, वीर स्वभाव, कामी, झर्किलो ।

धा- दुश्चरित्री, आफू समान संगत नगर्ने, साधारण विभाग ।

ना- उच्चपदमा पुग्न सक्ने, सच्चरित्री, धार्मिक, अध्ययन-शील ।

नी- गीत मन पराउने, कामी, राजदरबारमा मान पाउने ।

नु- बुद्धिमान, सुन्दर, शिल्पज्ञ, नीतिज्ञ ।

ने- धोका दिन सक्ने, धूर्त, डरछेल्वा ।

नो- लेखक बन्न सक्ने, अभिमानी ।

प- सत्यप्रेमी, पशुप्रेमी, धर्मात्मा ।

पी- कृतज्ञ, दृढ प्रतिज्ञ, मातापिताको समकालीन मृत्यु ।

पु- असत्यभाषी, अभिमानी, पशु प्रेमी ।

पे- नेत्ररोगी, टीका टिप्पणी गर्ने निपुण, भ्रमण रुचि ।

पो- शारीरिक विलक्षणता, दीन, दीर्घकाय, संकालु ।

फा- माताद्वारा हानी, रोगी, धनी, चरित्रिवान ।

बा- धार्मिक, कोमल, सत्यवादी, श्रेष्ठ व्याख्याकार ।

बी- गणितज्ञ, वाद्य प्रेमी, जादु वा कौतुक कार्यकर्ता ।

बु- विषयभोगी तथा कृतज्ञ ।

बे- धनी, दृढ शरीर, शीघ्र कोपी, अधर्मी ।

बो- सत्यवादी; नम्र, अन्य जातिमा मुग्ध ।

भा- अल्छी, कामी, सुन्दर रूप, जादू टोना मनपराउने ।

भी- बलियो शरीर भएको, शत्रुलाई जित्ने, घाँटीको रोगी ।

भु- रूखो, मध्यवयमा चेतना आउने, असफल रहने, पछि मान पाउने ।

भे- सुन्दर, समझदार, उदार, दानी, शिल्प-प्रेमी ।

भो- लोभी, वार्तालोलुपा चतुर, कठोर स्वभाव, बलियो शरीर ।

मा- लाल नेत्र, अर्काको कुरामा लाग्ने ।

मी- धन उडाउने, कर्णरोगी, मन्दगति ।

मु- पुष्ट शरीर, नम्र तर दुराचारी ।

मे- आइमाईको भनाइमा हिड्ने, विश्राम प्रेमी, चर्मरोगी ।

मो- धर्मात्मा, व्यापारी बुद्धि बीर स्वभाव ।

या- संगीत प्रेमी, व्याख्यान-चतुर, रोगी ।

यी- नेत्ररोगी, नैतिकवान, पशुपालक ।

यु- क्रुर, ठग ।

ये- रिसाहा स्वभाव, आत्तिने, रोगी ।

यो- उदर-रोगी, मिथ्यावादी, रमाइलो गर्ने, प्रेमी ।

रा- वीर गाथाको अध्ययन गर्ने, विचारवान ।

री- शत्रु-विजेता, साहसी ।

रू- वीर, सधै सपना देख्ने, व्याख्या गर्ने, महत्वाकांक्षी ।

रे- दृढशरीर, कामी, सत्यभाषी ।

रो- दुष्ट, कठोर हृदय भएको ।

ला- ज्योतिष प्रेमी, बुद्धिमान, मान पाउने, विषयी ।

ली- बलिष्ठ, शत्रु विजेता, विवेकशील ।

लु- मान पाउने, विषयी, चतुर, धर्मात्मा ।

ले- रिसाहा स्वभाव, भाग्यवान, सुखी बलिष्ठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लो-- चाडै रिसाउने, दृढ शरीर ।

सा-शा-- ठग्न सिपालु, अधर्मी, चेठिने बानी ।

सी-शी-- असल इच्छा भएको तर रिसाहा ।

सु-शु-- योग्य कार्य गर्ने, चरित्रवान ।

से-शे-- आइमाईको कदर गर्ने. सन्तुष्ट ।

सो-शो-- अध्ययनशील, हताशिने, विश्राम-रहित ।

ह-- नाच गानमा रोसिने ।

हा-- रोगी, घुम्न मन पराउने, अस्थिर-मन, दीर्घ शरीर, दन्त रोगी ।

ही-छोटो शरीर, शुभ कार्यमा रूचि राख्ने, पवित्र भावनाको ।

हु-- आंत सम्बन्धी रोगी, दयालु उपकारी, चतुर, बुद्धिमान रिसाहा ।

हे-- अरूलाई शिक्षा या उपदेश दिने. व्यापार गर्न नजान्ने ।

हो-- बुद्धिमान, हँसिलो मुख ।

नक्षत्र

योगी-- कृ. आ. श्ले. ह. मू. पूषा. ध. उभा.
या राजा

भोगी-- अश्वि. भ. रो. पु. पु. चि. ज्ये, उषा. श. पूभा.
या धनी

रोगी-- मृ. म. पूफा. उफा. स्वा. वि. अनु. अ. रे
या पीडित

भोगी नक्षत्र
(इन्द्र)

अश्विनी, भरणी, रोहिणी, पुनर्वसु, पुष्प, चित्रा, ज्येष्ठा, उत्तराषाढा, शतभिषा, पुर्वाभाद्रा ।

योगी नक्षत्र
(राजा)

कृतिका, आर्द्रा, अश्लेषा, हस्ता, मूल, पूर्वाषाढा, धनिष्ठा, उत्तराषाढा ।

रोगी नक्षत्र
(यम)

मृगशिरा, मघा, पूर्वाफाल्गुनी, उत्तर-फाल्गुनी, स्वाती, विशाखा, अनुराधा, श्रवण, रेवती ।

तपाईको नक्षत्र कुन विभागमा पर्‍यो हेर्नोस् । नक्षत्र निकाल्ने तरीका गत अंकमा दिइएको छ । त्यस अनुसार तपाई कुन श्रेणीमा पर्नु भयो ज्ञात गर्न सक्नु हुन्छ ।

देशका राशि

मेष-- वृटेनको बढ़ी भाग, जर्मनीको अधिकांश भाग, केही भाग पोलैण्ड; लेसर, पैलेस्टाइन ।

वृष-- केही भाग जर्मनी, केही भाग पोलैण्ड, आयर्लैण्ड, इरान परसिया ।

मिथुन-- उत्तरी अमेरिका, बेल्जियम, इजिप्ट, अफ्रिका केहि भाग ।

कर्कट-- न्यूयार्क, अफ्रिका, स्काटलैण्ड, हालैण्ड, मैन्चेस्टर ।

सिंह-- इटाली, फ्रान्स, रोम, शिकागो, बगदाद, इराक ।

कन्या-- केही भाग ग्रीक, टर्की, स्विट्जर्लैण्ड, फिनलैण्ड, मेसो-पोटानिया ।

तुला-- आष्ट्रिया, चीन, जापान. तिब्बत, बर्मा, केही भाग नेपाल, दक्षिण अमेरिका ।

वृश्चिक-- नार्वे, ड्रान्सवाल, लिवर पूल ।

धनु-- स्पेन, अरब, आस्ट्रेलिया, इंगेरी ।

मकर-- भारत, केही भाग नेपाल, अफगानिस्तान, सिन्धु केही भाग ग्रीक, आक्सफोर्ड

कुंभ-- रूस, स्वीडेन, लिथुनिया, बलुचिस्तान, पाकिस्तान

मिन-- पोर्तुगाल, केही भाग वृटेन, ग्रीक लैण्ड ।

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देश चक्र–बृहत्संहिता कुर्म चक्रको आधारमा

देश	मध्य	पूर्व	अग्नि	दक्षिण	नैऋत्य	पश्चिम	वायव्य	उत्तर	इशान
देश अंक	१	२	३	४	५	६	७	८	९
देशका ग्रह	सूर्य	शुक्र	चन्द्र	मंगल	राहु	शनि	केतु	गुरू	बुध
तत्व	अग्नि	जल	जल	अग्नि	वायु	वायु	वायु	आकाश	भूमि
गुण	रज	रज	रज	तम	तम	तम	तम	सत	सत
देशका अंक — मित्र	१.३.४८	२.५.६. ७.९.	१.३.९	१.२. ४.८.	२.५.६. ७.९.	२.५. ६.७.९.	२.७.६. ५.९.	१.३.४.८.	१.२.५. ७.९.
देशका अंक — सम	९	४.८.	२.४. ६.८	२.६.	८.	८.	८.	५.६.७.	४.६.८.
देशका अंक — शत्रु	१ ५.६.७.	१ ३	५.७.	५.७.९.	१.३.४.	१.३.४.	१.३.४.	२.९.	३
नक्षत्र	कृ. उफा. उषा.	भ. पूफा. पूषा.	रो. ह. श्र.	मृ. चि. ध.	आ.श्वा. श.	पु. अनु. उभा.	अ. म. मू.	पुनः वि. पूभा.	श्ले.ज्ये. रे.

कुन देश कुन दिशामा पर्छन् ती देशका नक्षत्र, राशी, ग्रह कुन कुन हुन् तथा त्यस अनुसार के कस्तो फलादेश चरितार्थ हुन्छ इत्यादि शास्त्रीय अनुसंधान गरेर पाठक समु प्रस्तुत गर्ने धोको 'उत्थाय हृदी लीयन्ते दरिद्राणाँ मनोरथा' भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडा महारानी सरकार

२९ सौं वर्षमा पदार्पण गरिवक्सेको

पुनीत सुअवसरमा

मौसूफ सरकार सदा आरोग्य रहिवक्सन भक्तिपूर्वक मंगल कामना चढाउँछौं

–साँस्कृतिक संस्थान

परिवार

श्री ५ बडा महारानी सरकारको २९ सौं शुभ जन्मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको दिर्घायु वथा सुस्वास्थ्यको हार्दिक शुभ कामना व्यक्त गर्दछौं

–जनकपुर चुरोट कारखाना परिवार

श्री ५ बडा महारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको २९ औं
शुभ – जन्मोत्सवको महान शुभ उपलक्ष्यमा मौसूफ सरकारको
सुस्वास्थ्य एवं दिर्घायुको लागि हार्दिक मंगलमय कामना व्यक्त गर्दछौं।

राही नेपाल वायुसेवा निगम
कान्तिपथ, काठमाडौं, नेपाल । फोन :–१४५११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसंधान क्रममा

केही जन्मकुण्डलीको अध्ययन

मानव जीवनको भाव पक्ष र क्रिया पक्ष कतातिर मोडिएको छ, ऊ बराबर कतापट्टि सोच्ने विचार्ने गर्छ तथा कस्तो प्रकारको काम बराबर गर्ने गर्छ भन्ने तथ्या अथवा उसको जीवनद्वारा खेलिने भूमिकाको ज्योतिष शास्त्रको फल पच्चबाट ठहर गर्न सकिन्छ । ज्योतिष–शास्त्रमा मानिसका भावपक्ष र क्रिया पक्ष महत्वपूर्ण हुन्छन् । अमुक व्यक्तिमा भाव पक्ष बढी छ कि क्रिया पक्षको प्राधान्यता छ एवं आफ्ना ती मुख्य गुण कतातिर बढी लगाएको हुन्छ वा देश, काल, परिस्थितिसंग कत्तिको पाइला चाल्न सक्छ अथवा व्यक्ति कत्तिको समसामयिक छ आदि कुराको नेपालका केही विशिष्ट जन्म कुण्डलीमा प्रयोग गरेर ज्योतिष-दर्शनका पाठकहरूलाई संकेत दिने उद्देश्यमा यो लेख अगाडि बढ्दैछ ।

भावपक्ष र क्रियापक्षः—जन्मकुण्डलीका १.२.३.४ स्थान भावनात्मक पक्ष संकेत गर्ने र ६.९.१०. स्थान क्रियात्मक पक्षलाई संकेत गर्ने हुन्छन् । भावनात्मक ग्रह चन्द्र, शुक्र, बुध, गुरु, राहु हुन् अनि सूर्य, शनि, मंगल, केतु यी ग्रह क्रिया पक्षका हुन् । यी स्थानहरूको, ती स्थानका ग्रह वा अधिपतिहरूको र उक्त कारक ग्रहहरूको परस्पर संबन्ध, स्थिति आदिको तुलनात्मक अध्ययन गरेर कुनै पनि व्यक्तिको जीवनको मूल्यांकन गर्न सकिन्छ ।

[क] भावनात्मक पक्ष—१,२ ३.४. [ख] क्रियात्मक पक्ष— ६. ९. १०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही जन्म कुण्डली र ग्रह स्थिति

	सू०	चं०	मं०	बु०	गु०	शु०	श०	रा०	के०	ग्रह
श्री कीर्ति-	६	११	९	५	७	६	४	११	५	स्थान
निधिविष्ट	१०	३	१	९	११	१०	८	३	९	राशी
श्री रविन्द्र	६	८	६	६	९	८	३	५	११	स्थान
शर्मा	१	३	१	१	४	३	१०	१२	६	राशी
डा. वेषबहा	१	१	२	१	१२	११	३	१	७	स्थान
दुर थापा	९	९	१०	९	८	७	११	९	३	राशी
डा. तुलसी	५	६	१२	६	९	५	७	२	८	स्थान
गिरी	६	७	१	७	१०	६	८	३	९	राशी
श्री बाला	१२	१०	४	१२	५	१०	८	४	१०	स्थान
राम घर्ती	४	२	८	४	९	२	१२	८	२	राशी
मगर										
श्री विश्व	१०	३	११	११	५	१०	१	८	२	स्थान
वन्धु थापा	५	१०	६	६	१२	५	८	३	९	राशी
श्री गेहेन्द्र	११	२	६	१०	४	१२	११	५	११	स्थान
बहादुर राज	८	११	३	७	१	९	८	२	८	राशी
भण्डारी										
श्री भोज-	६	६	९	५	१०	६	५	९	३	स्थान
राज घिमिरे	१०	१०	१०	९	२	१०	९	१	७	राशी

श्री ५ बडा महारानी सरकारको
२९ सौं शुभ जन्मोत्सवको
शुभ अवसरमा
मौसूफ सरकारको
सुस्वास्थ्य र चिरायुका लागि
हार्दिक शुभ कामना चढाउँछौं ।
नारायनी धान चामल निर्यात कं

श्री ५ बडा महारानी सरकारको
२९ सौं शुभ जन्मोत्सवको सुअवसरमा
मौसूफ सरकारमा
सुस्वास्थ्य र दीर्घजीवनका लागि
हार्दिक शुभ कामना चढाउँछौं ।
नेपाल आयल निगम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[क] भावात्मक स्थान

१. दायित्व बोध
२. निजकर्तव्य बोध
३. पुरुषार्थ बोध
४. समूह बोध

[ख] क्रियात्मक स्थान

६. सेवा भाव
९. विनय-नैतिक भाव
१०. कार्य पद्धति

उपरोक्त बाहेक उक्त स्थानहरूमा अरू पनि थुप्रै कुराहरू हेरिन्छन् तर यहाँ भाव र क्रिया पक्ष बारे नै प्रसंग गरिन्छ।

भाव पक्ष र क्रिया पक्षका अधिष्ठात्री ग्रह	दायित्वबोधक ग्रह	कर्तव्यबोधक ग्रह	समूहबोधक ग्रह	सेवाभावबोधकग्रह	नैतिकताबोधकग्रह	कार्यपद्धतिको ग्रह	कारक ग्रह र प्रभावी ग्रह
श्री कीर्तिनिधि विष्ट	सू०	बु०	मं०	श०	मं०	शु०	मूल ग्रह
	गु.	श.	के.	रा.	चं	श.	सू. शु. श. सू. प्रभावी ग्रह
श्री वालाराम घर्ती मगर	सू०	बु०	मं०	श०	म०	शु०	मूल ग्रह
	गु.	श.	शु.	चं	सू०	बु०	गु० चं. मं श. प्रभावी ग्रह
श्री विश्वबन्धु थापा	मं०	गु०	श०	मं०	चं०	सू	मूल ग्रह
	श.	गु.	मं	रा.	के.	सू.	शु. बु. गु. शु. प्रभावी ग्रह
श्री भोजराज घिमिरे	सू०	बु०	मं०	श०	मं०	शु०	मूल ग्रह
	मं०	श.	गु.	गु.		गु.	रा. के. गु. प्रभावी ग्रह
श्री रविन्द्र शर्मा	मं०	गु०	श०	मं०	चं०	सू०	मूल ग्रह
		गु.	मं.	चं.	शु.		सू. बु. मं. श० प्रभावी ग्रह
डा. तुलसी गिरी	शु०	बु०	सू०	शु०	श०	श०	मूल ग्रह
		श.	गु.	रा.	के.	श.	चं. बु. मं गु. प्रभावी ग्रह
डा. भेषबहादुर थापा	गु०	श०	गु०	शु०	सू०	बु०	मूल ग्रह
	सू.	बु.	मं.		गु.	मं.	प्रभावी ग्रह

२०३४

विजया दशमीको हार्दिक

शुभ-कामना

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

खाद्य उद्योग प्रा. लि.

हिन्दूहरूको महान

साँस्कृतिक चाड

विजया दशमी

सबैका लागि

मंगलमय रहोस्

गूठी संस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडा महारानी सरकारको

२६ सौं शुभ जन्मोत्सवको

सुखद उपलक्ष्यमा

मौसूफ सरकारको

अटल सौभाग्य, आरोग्य एवं

दीर्घ जीवनका लागि

भक्तिपूर्वक शुभ कामना चढाउँछौं ।

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.

हेटौंडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली ग्रह

उपरोक्त जन्म कुण्डलीबाट स्वभाव एवं चरित्रको अध्ययन गर्दा नेपालको चरित्र स्थिति परिस्थितिको पनि ध्यान राख्नु पर्छ । अथवा नेपालको परिपेक्षमा चर्चित स्वभाव एवं चरित्रको प्रभाव पनि कुनै व्यक्तिको स्वभाव एवं चरित्रसंग तुलना गर्नु वेश पर्छ । नेपालको चरित्र एवं स्वभाव बारे "ज्योतिष–दर्शन" अंक ४ मा वार्णित छ– नेपाली ग्रह मंगल" मूल ग्रह मंगल र सहायक ग्रह बुध नेपालका लागि बडी प्रभावशाली छन् भन्ने हाम्रो तर्क छ । यद्यपि यस बारे विभिन्न सैद्धान्तिक मतभेद छ । कुनै विद्वान्ले नेपालको धनराशी भनेका छन्, कसैले मकरराशी, कसैले कर्कराशी देखाएका छन् । नेपाली कति विद्वान्ले त नेपालको अनुराधा नक्षत्र र वृश्चिक राशी मान्दछन् । तर यसरी सैद्धान्तिक बहसमा नपरेर नेपालीहरूको गठन, काँट, स्वभाव, चरित्र आदिमा ग्रहहरूको स्वभाव चरित्र दाँजी हेर्दा मंगल र बुधको गठन चरित्र स्वाभाव धेरै मिल्छ । केही मात्रामा धनु राशीको मालिक गुरुसंग पनि मिल्छ भन्ने तर्क गर्न सकिन्छ किनभने प्रत्येक युगमा नेपालले एक दोटा महान् गुरुहरू जन्माएको छ जो विश्वमा कल्याण कारी महापुरुष, देवता, भगवान अथवा युगौं युगसम्म मानिसमा अर्सीन श्रद्धा पाइरहने शिवजी जस्ता वा बुद्ध जस्ता व्यक्ति । यस दृष्टिबाट नेपाललाई गुरु ग्रहको कृपा दृष्टि छ भन्न मिल्छ । तर मकर राशी र कर्क राशीको वा शनि र चन्द्रमाको स्वभाव चरित्र चाहिं नेपालसंग मिल्दैन । फेरि प्राचीन कालका ग्रन्थहरूमा कूर्म चक्र आदिमा नेपालको जुन नक्षत्र र राशी ग्रह लेखिएका छन् ती पनि आजको परिपेक्षमा मेल खान्नन् । तसर्थ उपरोक्त तर्कद्वारा नेपालका लागि मुख्य ग्रह मंगल, सहायक बुध र त्यसपछि गुरु आदि ग्रह लिनु युक्तिसंगत छ । तसर्थ राष्ट्रिय चरित्रको विश्लेषण गर्दा वा राष्ट्रका विशिष्ट व्यक्तिहरूको स्वभाव चरित्र वर्णन गर्दा उपरोक्त ग्रहको स्वभाव चरित्रमा पनि ध्यान दिनु पर्ने हुन्छ ।

हाम्रा हात
प्रयोगात्मक पुस्तक
तयार हुंदैछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष शास्त्रको दृष्टिमा

श्री कीर्तिनिधि विष्ट

१) दायित्व र कर्तव्यः—श्री कीर्तिनिधि विष्टको दायित्वकारक मूल ग्रह सूर्य र सहायक ग्रह गुरु-शनि बनेका छन् । सूर्य सेवा भावमा राज्यपतिसंग छ । गुरु–शनिले दायित्व स्थलमा पूर्ण दृष्टि राख्छन् । गुरु उच्च नैतिकवान आदर्शवादी ग्रहले दायित्व स्थलमा पूर्ण दृष्टि दिनु र सूर्य राज्यपतिसंग हुनुबाट सिद्ध छ आफ्नो कर्तव्यप्रति सदा सजग र सचेत रहने स्फुर्तिहरू विष्टज्यूमा फुरिरहन्छन् । बरु एउटा आशंका के देखा पर्छ भने दायित्व स्थलमा हेर्ने शनि शत्रु राशीमा बसेको छ र शत्रु ग्रहद्वारा दृष्ट भएकाले आफूले पूरा उत्तरदायित्व वहन गर्दा गर्दै पनि अचानक कताकताबाट दुर्घटना सिर्जित हुन्छ । आफ्नो दायित्व प्रति अत्यत वफादार सूर्य-शुक्र-गुरुले बनाएको सुयोगलाई अक्कल झुक्कल शनिले विथोल्छ । कर्तव्यकारक ग्रह त्रिकोणमा अत्यंत शुभ छ । उच्चको के को प्रभावमा बुध बलिष्ठ हुन्छ । कर्तव्य बोध वहाँमा जन्मजात प्रवृत्ति भएको छ ।

२\ समूह र सेवा भावः—समूह स्थलको मालिक भाग्यमा नैतिक स्थलमा र सेवा स्थलको मालिक समूह स्थलमा यस्तो योग पर्न गएको छ । अतः समूह प्रतिको चिन्तन, समूहद्वारा भाग्य निर्माण तथा बहुजन हितायको भावना विष्टज्यूमा प्रशस्त पाइन्छ । फेरि सेवा स्थालमा राज्यपति बस्नु, त्यही राज ग्रह सूर्य बस्नु र भावपतिद्वारा भाव दृष्ट हुनु यो माथिल्लो तहको सुयोग सेवा भावमा पऱ्यो । अतः विष्टज्यूमा राजसेवाका अटूट भावनाहरू पूर्ण आस्थाहरू गहिरिएर बसेका छन् । सेवापति शनि त्यसै पनि सेवक ग्रह हो, सेवाको नैसर्गिक कारक ग्रह हो । चतुर्थमा बसेको छ । चतुर्थ हृदय स्थल पनि हो । तसर्थ हृदयमा सदा सेवा भाव उम्रिनु स्वतः सिद्ध छ ।

३) नैतिकताः—विष्टज्यूको नैतिक स्थलमा स्वगृही मंगल बलिष्ठ भएर बसेको छ । मंगललाई सबै शास्त्रकारहरूले नैतिकवान ग्रह भनेका छन् । कुनै दूषित ग्रहको त्यहाँ कुदृष्टि छैन । अतः विष्टज्यूमा उच्च नैतिक बल, निष्ठा र आचरणशील पाइन्छ ।

४) कार्य पद्धतिः—कार्यकारक शुक्र भाव पतिको ग्रह सूर्यद्वारा संबद्ध भै भावकारक स्थानमा बसेको सेवाधिपतिद्वारा दृष्ट छ । यद्यपि कार्यपति क्रियात्मक स्थलमा बसेको छ र क्रियात्मक पतिद्वारा दृष्ट पनि छ तथापि सूर्य शनिले भावात्मकतामा बडी योग दिएका छन्, जसले गर्दा वहाँको जीवनको कार्यपद्धति निर्धारण हुन्छ जसको विवरण तल विश्लेषणमा आइरहेको छ ।

५) विश्लेषणः—श्री कीर्तिनिधि विष्टको जन्म लग्न सिंह हो । सिंह सबैमा बलिष्ठ लग्न हो । लग्नलाई गुरुको पूर्ण दृष्टि छ । लग्न शरीर हो । लग्नपति सूर्य आत्मा हो । चन्द्रमा मन हो । मंगल साहस एवं शौर्यशक्ति हो । ३ (तृतीय) मा र ४ (चतुर्थ) मा क्रियात्मक स्थल ९ (नवौं) भाग्यमा स्वगृही बसेको बलवान मंगलको पूर्ण दृष्टि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियात्मक ग्रह मंगल क्रियात्मक स्थल नवौं भाग्यमा आफ्नै राशीमा अत्यंत बलियो भएर बसेको र पराक्रम स्थान तृतीयमा आफ्नो संपूर्ण दृष्टि भावात्मक भावमा (३-४ मा) दिएको छ। अतः विष्टज्यूको भाव पक्ष र क्रिया पक्ष दुवैमा सुदृढीकरण योग पर्नुका साथै मंगलले प्रबल पराक्रमी प्रदान गरेको छ। क्रिया स्थल छैठौंमा आत्माकारक सूर्य जो दायित्व बोधक ग्रह हो, कार्य पद्धतिको ग्रह वा राज्यपति शुक्रसँग सेवा भावमा सेवा भाव पतिद्वारा दृष्ट भै अवस्थित छ। यो माथिल्लो तहको भाव र क्रियाको, राज्य र सेवाको अन्योन्याश्रित योग पर्न गयो। यसबाट सिद्ध छ व्यक्ति प्रवृत्तिका संपूर्ण क्रियाकलाप अथवा भावात्मक र क्रियात्मक शक्ति राज सेवामा समर्पित रहन्छ।

विष्टज्यूको जन्म कुण्डलीमा अति उल्लेखनीय महत्वपूर्ण अर्को योग छ नेपाली राष्ट्रिय चरित्रका ग्रह मंगल बुध यी दुवै मूल त्रिकोणमा जन्म कुण्डलीको सबैभन्दा उत्तम स्थान ५-९ मा बसेका छन्। वहाँको राजयोग कारक ग्रह सूर्य-शुक्र-मंगल यी तीनैले क्रियात्मक ठाउँ ओगटेर बसेका छन्। साथै यी तीनै ग्रहले भावात्मक र क्रियात्मक दुवै पक्षमा सम्बन्ध राख्छन्। यस्तो योग जन्म-कुण्डलीमा कमै पाइन्छ। हेर्नुहोस्, सूर्य भाव पक्षको मालिक भएर क्रियात्मक ठाउँमा, शुक्र भाव र क्रिया दुवैको मालिक भएर क्रियात्मक ठाउँमा र मंगल पनि भाव र क्रिया दुवैको मालिक भएर क्रियात्मक ठाउँमा बस्न गएका छन्। निज कर्तव्य बोध (द्वितीय स्थान) को मालिक बुध बुद्धि स्थलमा बसेको छ र त्यस उपर रचना, सिर्जना, निर्माणकारी चन्द्रमाको पूर्ण दृष्टिछ। रा. के. को उच्च प्रभावमा बुध फलकारी छ। बस अवस्थामा रचना, सिर्जना, निर्माण तर्फ विष्टज्यूको बौद्धिक प्रतिभा प्रचूरमात्रामा लाग्ने र कर्तव्य बोध तर्फ सदा सचेष्ट रहने मूल प्रवृत्ति झल्किन्छ। फेरि सेवा स्थलमा र राज्य स्थलमा हेरेको शनिलाई भाग्यमा बलियो भै बसेको मंगलले हेरेको छ। यसको तात्पर्य हुन जान्छ विष्टज्यूमा आफू राज्यको सेवक भएर निरंतर आफूलाई प्रस्तुत गर्नु र आफ्नो भाग्यलाई उच्चो उठाउने र सुखद जीवन जीउने मीठो महत्वाकांक्षाका साथै कोमल भावनाहरू विद्यमान छैन्। मनको ग्रह चन्द्रमालाई ज्ञानको ग्रह गुरुले पूर्ण दृष्टिले हेरेकोबाट फल चरितार्थ हुन्छ मानवतावादी गुण वहाँमा प्रशस्त परे, किनभने ज्ञानी ग्रह गुरुद्वारा दृष्ट चन्द्रमा एकादश स्थानमा बसेर बुद्धि स्थलमा हेरेको छ। एकादश आगम, उपलब्धी एवं सफलताको ठाउँ हो। त्यहाँ बसेको पूर्ण चन्द्रमालाई गुरुको पूर्ण दृष्टि पर्नुको अर्थ हुन्छ जीवनमा बिशिष्ट सफलता हासिल गर्नु।

सम्माननीय प्रधान मंत्री विष्टज्यूको जन्म कुण्डलीको सूत्रात्मक फल 'ज्योतिष-दर्शन' २०२९ को अंक २ पेजे ४८ मा छापिएको छ। जस्तै—

गुरू–चन्द्र योगद्वारा उच्च कुलोचित भावना, बुद्धि र विद्वता प्रदर्शनका शुभ अवसर प्राप्त गराएको छ। यो कुण्डीका ग्रहहरू प्रबल र आजीवन फलदायी छन्। यही कारणले श्री सम्माननीय हाम्रा वर्तमान प्रधान मन्त्री श्री कीर्तिनिधि विष्टले बारम्बार शुभ अवसरहरू प्राप्त गर्नु भएको हो। छठौं सूर्यले विष्टज्यूका शत्रुहरू निस्तेज पारेको छ...'' आदि आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडा महारानी सरकारको
२६ औं शुभ जन्मोत्सवको पुनीत अवसरमा
मौसूफ सरकारको
सुस्वास्थ्य र अटल सौभाग्यका लागि
हार्दिक शुभ कामना व्यक्त गर्दछौं
–हिमाल सेमेन्ट कं. लि. परिवार

दीपावली मंगलमय होस !
श्री ५ बडामहारानी सरकारको
२६ औं शुभ–जन्मोत्सवको अवसरमा
मौसूफ सरकारको स्वास्थ्य एवं दीर्घायुको
सभक्ति शुभ–कामना चढाउछौं ।
विशाल बजार कम्पनी लि० परिवार

२०३४
बडा दशैंको
हार्दिक शुभ कामना
नेपाल बैंक लिमिटेड
(स्थापित १९९३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३४

विजया दशमीको उपलक्ष्यमा

हार्दिक शुभकामना

अन्तर्राष्ट्रिय उडान तालिका:--

काठमाडौं — बैंकक — हरेक मंगल, बृहस्पति, शुक्र र आइतबार
" — कोलम्बो — हरेक बुध र शनिबार
" — दिल्ली — दैनिक
" — कलकत्ता — हरेक बुध, शुक्र र आइतबार
" — पटना — दैनिक

शाही नेपाल वायुसेवा निगम

कान्तिपथ— फोन नं. १४५११

२०३४ साल बडा दशैंको परम उल्लासमय महान सामाजिक तथा धार्मिक पर्वको शुभ अवसरमा नेशनल ट्रेडिंग लिमिटेड आफ्ना समस्त देश वासी, विक्रेता तथा ग्राहक वर्गको सुख तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछ ।

धन बढाउन एउटा उपाय
बैंकमा पैसा जम्मा गर्नु हो
त्यसो गर्नाले
साउँको साउँ चोखो
रहन्छ
ब्याजको भिन्नै पोको
पाइन्छ ।

तपाईलाई दीपावलीको हार्दिक शुभ कामना

राष्ट्रिय वाणिज्य बैंक

श्री ५ बडा महारानी सरकारकों
२६ मौं शुभ जन्मोत्सवको पुनीत अवसरमा
मौसूफ सरकारको सुस्वास्थ्य र अटल सौभाग्यका लागि

हार्दिक शुभ कामना व्यक्त गर्दछौं

—गुठी संस्थान परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लघुकथा

ज्योतिषीको भविष्यवाणी

लीलादेवी शर्मा

एका देशमा एउटा, राजा थिए। राजाको बैठक राम्ररी सिंगारिएको थियो। त्यहाँ धेरै कलात्मक मूर्तीहरू थिए। ती मूर्तिहरू कुनै सुनका, कुनै चाँदीका त कुनै पित्तलका विभिन्न धातुका ढलौटे मूर्तिहरू थिए। मूर्तिहरूमा कुनै गणेशका, कुनै लक्ष्मीका, कुनै सिंहका, कुनै हात्तिका त कुनै अनेक थरिका थिए। ती मूर्तिहरू अग्ला अग्ला ठाउँमा राखेर सजाइएको थियो।

राजाको दरबारमा ठूला ठूला कवि-लेखक, ज्योतिषी र विद्वान मानिसहरू थिए। एकदिन राजाले आफ्नो चिना ज्योतिषीलाई देखाएर भने "ज्योतिषीजी, म कसरी मछु ?" अनि ज्योतिषीले केरकार गरी भने–"हजूरको मृत्यु हात्तिद्वारा हुन्छ। हात्तिले कुल्चेर हजूरको मृत्यु हुन्छ।" ज्योतिषीले फेरि फलानो साल, फलानो महिना, फलानो गते, फलानो समयमा हजूरको मृत्यु हुन्छ भनेर पनि भनी दिए। अनि राजाले त्यो साल मिति लेखी राखे। हुँदा हुँदा त्यो साल गते र महीना आइपुग्यो। अनि राजालाई ज्योतिषीको त्यो कुरा याद भयो र मनमनै विचार गरे म दरबारबाट बाहिर नगई बसी राखें भने त मलाई हात्तिले मार्ने कुरै आउँदैन! यस्तो विचार गरेर राजा त्यो दिन महलबाट बाहिर गएनन्। महलमा बस्ता बस्तै उनलाई पट्यास लाग्यो। अनि उनी आफ्नो बैठकमा आएर त्यहाँ सजाइएका कलात्मक मूर्तिहरूको निरीक्षण गर्न लागे। ती मूर्तिहरूमा कता कतै अलि अलि धूलो जमेको जस्तो उनलाई भान भयो। अनि एउटा ठूलो तौलिया लिएर ति मूर्तिहरूमा धूलो झार्न लागे। मूर्तिहरू अग्लो ठाउँमा थिए। राजाले तलबाट तौलियाको लामो फेरोले लम्किदै मूर्तिहरूमा धूलो झार्दै थिए। त्यत्तिकैमा संयोगवश एउटा ठूलो धातुको हात्तिको मूर्तिमा तौलियाको टुप्पो अड्कियो र त्यो तौलिया तान्न लाग्दा त्यो धातुको हात्ति अग्लो ठाउँबाट लड्यो र राजाको छातीमा बजारिन पुग्यो। यसले गर्दा राजा पनि लढे। राजा माथि त्यो विशाल धातुको हात्तिको मूर्ति पऱ्यो। त्यसले गर्दा राजाको मुटुमा धातुको तीखो दाँत रोपिन गयो र राजाको मुटुनै फुट्यो। यसको केही क्षणमै राजाको स्वर्गवास भयो।

तपाईंको वर्तमान कस्तो छ, अथवा निकटवर्ती भविष्य कस्तो छ अथवा आफूले सोचिरहेको वा गर्न लागेको कामको परिणाम कस्तो छ जान्न चाहनुहुन्छ भने ज्योतिष–दर्शनको वार्षिक शुल्कका साथ तलका कुरा लेखी पठाउनु होस्। हामी हिसाब मिलाएर शुभ अशुभ के छ लेखी पठाउने छौं।

१) ठीक ठीक उमेर (जन्म तारीक-मास-सन् भए झन वेश)।

२) १ देखि ९ सम्म कुनै एक अंक।

३) प्रचलित पूरा नाम र जन्म नाम समेत।

४) एउटा फूलको नाम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमुक गाउँ टोल शहरमा मलाई फाप्छ कि फाप्दैन ?

जुन ठाउँमा बस्नुछ त्यसको नक्षत्र (गत अंकको नक्षत्र जकरणबाट) टिप्नु होस् । अनि आफ्नो नक्षत्र पनि ज्ञान गर्नुहोस । अनि बस्ने ठाउँको नक्षत्रदेखि गनेर ७ नक्षत्रसम्म तलको चक्र बनाएर 'मष्तिक' को कोठामा राख्नोस् । त्यस पछि ७ नक्षत्र पिठ्यूँमा, ७ नक्षत्र हृदयमा, ७ नक्षत्र खुट्टामा राख्नोस । जस्तै—केलटोलमा तपाई बस्न चाहनु हुन्छ वा बस्नु हुन्छ ।

–७१३	मष्तिक	लाभ, वंशवृद्धि, धनलाभ, सम्मान प्राप्त हुन्छ ।
१४-२०	पिठ्यूँ	हानि, पीडा, विरोध, क्लेश हुन्छ ।
२१-२७	हृदय	लाभ, विकास, सुख-सम्पत्ति प्रद ।
१-६	खुट्टा	भ्रमण गर्नु पर्छ, घुमिरहनु पर्ने छ ।

त्यसरी राशी-नक्षत्र चक्रमा हेर्दा के अक्षरको पुनर्वसु नक्षत्र आयो । त्यसको संख्या ७ हो । अब उक्त चक्रमा पुनर्वसु नक्षत्रदेखि ७ नक्षत्रसम्म संख्या १३ मा हस्ता नक्षत्र छ, यतिलाई मस्तिष्कमा राख्नोस । हस्तपछि ७ सम्म गन्दै लाँदा २० मा पूर्वाषाढा नक्षत्र आयो । त्यसपछि २७ सम्म र त्यसपछि ६ सम्म एवं रीतले जान्नुहोस तपाईको नक्षत्र कहाँ पर्‍यो । मान्नोस् तपाईको नाम माधव प्रसाद हो । 'म' अक्षर १० नम्बरमा मघा नक्षत्र पर्‍यो । ७ देखि १३ भित्र मस्तिष्कमा पर्‍यो । त्यसको फल चक्रमा प्रष्ट छ ।

माथिको चक केवल 'म' अक्षरका लागि हो । अरू अक्षरका लागि त्यस्तै चक्र ठाउँको नक्षत्र संख्याबाट आर्को चक्र बनाउनु पर्छ ।

टोल–गाउँ–शहरमा फाप–अफापको अर्को सरल तरीका

जुन ठाउँमा बस्नु छ त्यस ठाउँको राशी माथि (राशी चक्रमा रेरेर) ज्ञान गर्नुहोस अनि आफ्नो राशी पनि जान्नु होस) त्यसपछि आफ्नो राशीबाट बस्ने ठाउँको राशीसम्म गन्नुहोस । यदि तपाईको राशीबाट बस्ने ठाउँको राशी २-५-९-१०-११ मा पर्‍यो भने लाभदायी रहन्छ । आफ्नो नामको राशीबाट बस्ने ठाउँको राशी ३, ६ मा पर्‍यो भने त्यस ठाउँमा बस्नु बडी लाभदायक रहन्न । ४, ८, १२ मा आफ्नो राशीबाट बस्ने ठाउँको राशी पर्‍यो भने रोगी हानि गर्छ । यदि १, ७ मा पर्‍यो भने बडी हानि त गर्दैन तर गाउँलेमंग झगडा परिरहन्छ, शत्रुता बढ्छ ।

हाम्रो कार्यालयमा

हस्त – रेखाको

अनुसंधान हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडा महारानी सरकारको

२९ सौं शुभ जन्मोत्सवको

सुखद उपलक्ष्यमा

मौसूफ सरकारको

अटल सौभाग्य, आरोग्य एवं

दीर्घ जीवनका लागि

भक्तिपूर्वक शुभ कामना चढाउँछौं ।

—नेपाल पारवहन तथा गोदाम व्यवस्था लि०

राष्ट्रमहिषी

श्री ५ बडामहारानी सरकारको

२९ सौं शुभ-जन्मोत्सवको अवसरमा

मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको

सभक्ति शुभ-कामना चढाउछौं ।

औलो उल्मुलन संघ परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

★★★★★

श्री ५ बडा महारानी

सरकार

★★★★★

२९ सौं वर्षमा पदार्पण गरिवक्सेको

पुनीत सुअवसरमा

मौसूफ सरकार सदा आरोग्य रहिवक्सन

भक्तिपूर्वक मंगल कामना चढाउँछौं

—इन्धन संस्थान परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र० जि० अ० को० का० २२।२६

श्री ५ बड़ा महारानी

ऐश्वर्य राज्य लक्ष्मी देवी शाहको

२६ सौं शुभ जन्मोत्सवको

अवसरमा

मौसूफ सरकारको

सुख-सौभाग्य र चीरजीवनका लागि

हार्दिक शुभ कामना चढाउँछौं

काठमाडौं उपत्यका नगर विकास समिति

एन. सी. सी. एन.

शुभ विजयादशमीको पुनीत उपलक्ष्यमा

देश, नरेश तथा समस्त नेपालीहरू प्रति

हार्दिक शुभ कामना

नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड

फोनः-११८७६

११६७६

पो. बा. नं. ३७

मुद्रकः-संगम प्रेस, केलटोल काठमाडौं, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu